# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ३ (संख्या ७) बैषाख २० गते २०७७ साल

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग-२

## राहत वितरण सम्बन्धी कार्यविधि, २०७७

प्रस्तावना,

विश्व भरी महामारीको रुपमा फैलिएको ऋइख्क्ष्म ज्ञढ (कोरोना भाइरस) वाट नेपाल पनि प्रभावित भइ कोरोना भाईरस सम्बन्धी अहिले सम्म कुनै पनि औषधि पत्ता नलागि सकेको अवस्थामा उक्त महामारी रोकथाम तथा नियन्त्रणका लागि विश्वका प्राय सबै मुलुक सहित हाम्रो देश नेपाल पनि २०७६ साल चैत्र ११ गते देखि लक डाउन (बन्दाबन्दी) को अवस्थामा रहेको बेला दैनिक ज्यालादारीमा काम गरी जिवन निर्वाह गरिरहेका चामुण्डाविन्द्रासैनी नगरपालिकामा बसोवास गर्ने भुमीहिन तथा अति विपन्न र अशक्त वर्गका घरपरिवारहरुलाई राहत उपलब्ध गराउन बाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी चामुण्डाविन्द्रासैनी नगरपालिका नगरकार्यपालिकाले यो राहत सामाग्री वितरण सम्बन्धी कार्यविधि २०७७ बनाई जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम " राहत वितरण सम्बन्धी कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसंगले अको अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कार्यविधि" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको राहत वितरण सम्बन्धी कार्यविधि सम्झनु पर्दछ।
ख) "नगरपालिका" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकालाई सम्झनु पर्दछ।
ग) "नगरकार्यपालिका" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्दछ।
घ) "प्रमुख" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।
ङ) "उपप्रमुख" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ।
च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।





छ) "वडा कार्यालय" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाका सबै वडाकार्यालयहरुलाई सम्झनु पर्दछ।
ज) "टोल विकास समिति" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको सबै वडा मातहत गठन भएका टोल विकास समितिहरुलाई सम्झनु पर्दछ।
झ) "भुमीहिन" भन्नाले खाद्यान्नवाली उत्पादन गर्नका लागि जग्गा जमिन नभएको कुनै व्यक्ति वा परिवारलाई सम्झनु पर्दछ।
ञ) "अति विपन्न" भन्नाले दैनिक रुपमा ज्यालादारीको रुपमा काम नगरी खान नपाउने वा नपुग्ने कुनै व्यक्ति वा परिवारलाई सम्झनु पर्दछ।
ट) "अशक्त" भन्नाले कामै गर्न नसक्ने तथा अन्य कुनै साहारा नभएको व्यक्ति वा परिवारलाई सम्झनु पर्दछ।
ठ) "कार्यपालिका सदस्य" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिका नगरकार्यपालिकाको सदस्य सम्झनु पर्दछ।
ड) "नगरसभा सदस्य" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगरसभा सदस्यलाई सम्झनु पर्दछ।

**३. नगरस्तरीय राहत वितरण तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था** : राहत वितरणलाई व्यवस्थित बनाई नगरपालिकामा बसोवास गर्ने भुमीहिन, अतिविपन्न तथा अशक्त व्यक्ति वा परिवारहरुले मात्र राहत प्राप्त गर्न सकुन भन्ने कुरालाई मध्यनजर गरी नगरपालिकामा देहाय बमोजिम एक नगरस्तरीय राहत वितरण तथा व्यवस्थापन समिति रहनेछ।

| | |
|---|---|
| क) नगरपालिकाको नगर प्रमुख | -अध्यक्ष |
| ख) नगरपालिकाको नगर उपप्रमुख | -सदस्य |
| ग) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| घ) सामाजिक विकास समितिको संयोजक | -सदस्य |
| ङ) पूर्वाधार विकास समितिको संयोजक | -सदस्य |
| च) बन वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक | -सदस्य |
| छ) कार्यपालिका सदस्यहरुमध्वाट दूई जना महिला सहित तीन जना | -सदस्य |
| ज) नगर स्तरीय राजनैतिक दलहरुमध्यवाट तीन जना | -सदस्य |
| झ) विपद् व्यवस्थापन शाखा प्रमुख | -सदस्य सचिव |

**४. काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था** : नगर स्तरीय राहत वितरण तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) लक डाउनको कारणले दैनिक ज्यालादारी गर्न नपाई जीवन यापन गर्न कठिन भएका भुमीहिन, अतिविपन्न तथा अशक्त व्यक्ति वा घरपरिवारहरुको वास्तविक लगत वडा कार्यालयहरु मार्फत संकलन गर्ने ,
ख) राहत सहयोग संकलन तथा वितरण सम्बन्धी कार्यको तय गर्ने ,
ग) परिस्थिति र आवश्यकता अनुसार राहत सामाग्रीको प्याकेज (मात्रा) तय गर्ने,
घ) राहत सामाग्री वितरण तथा व्यवस्थापन सम्बन्धी आवश्यकताअनुसार जिम्मेवारी तोक्ने,
ङ) वडा स्तरीय छनौट समितिले गरेका कार्यहरुको अनुगमन गर्ने,
च) राहत वितरणको लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने,
छ) राहत वितरण गर्दा शुरक्षित उपायको अवलम्वन गर्न निर्देशन दिने,

ज) आवश्यकतानुसार अन्य कार्य गर्ने ।

**५. वडास्तरीय राहत समिति सम्बन्धी व्यवस्था :** (१) नगरपालिकाको सबै वडाहरुमा लकडाउनको अवधिभर दैनिक ज्यालादारीमा काम गरी जिवन निर्वाह गर्ने भुमीहिन, अति विपन्न तथा अशक्त घरपरिवारहरुको पहिचान तथा छनौट गर्न देहाय बमोजिम एक समिति रहनेछ ।

| | |
|---|---|
| क) सम्बन्धित वडाको वडा अध्यक्ष | -संयोजक |
| ख) निर्वाचित वडा सदस्यहरु | -सदस्य |
| ग) वडाभित्र क्रियाशिल राजनैतिक दलहरु | -सदस्य |
| घ) सम्बन्धित वडाको वडा सचिव | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम गठित समितिले आफ्नो वडा भित्र रहेका दफा ६ बमोजिम मापदण्डको आधारमा छनौट गरी राहत वितरणका लागि अनुसुची-१ बमोजिमको ढाँचामा विवरण तयार गरी नगरस्तरीय राहत वितरण तथा व्यवस्थापन समितिमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम विवरणको आधारमा नगरस्तरीय राहत वितरण तथा व्यवस्थापन समितिले निर्धारण गरेको राहत प्याकेजको आधारमा राहत वितरण गरी अनुसुचि -२ बमोजिमको ढाँचामा विवरण तयार पारी नगरस्तरीय राहत वितरण तथा व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ ।

**६. मापदण्ड सम्बन्धी व्यवस्था :** (१) लकडाउनको अवधिभर राहत सामाग्री प्रदान गर्न देहाय बमोजिम मापदण्ड पुरा गरेका घरपरिवारहरुलाई मात्र छनौट गर्नु पर्नेछ ।

क) भुमीहिन वा अतिविपन्न वा अशक्त वर्गको हुनु पर्ने,
ख) परिवारको कुनैपनि सदस्यहरु प्रशासनिक र सार्वजनिक पदमा नरहेको,
ग) घरायसी /पारिवारिक कुनै रोजगार पेशा वा व्यवशाय र आम्दानीको श्रोत नभएको ,
घ) दैनिक ज्याला मजदुरी गर्ने बाहेक अन्य कुनै आयश्रोत नभएको,
ङ) सामाजिक सुरक्षा भत्ता बाहेकसरकारी वा सार्वजनिक वा कुनै संघसंस्थावाट तलव, पेन्शन वा अन्य आय आर्जन नभएको
च) लकडाउनको कारण भारतमा रोजगारीवाट फर्किन नपाई उनीहरुकै निर्भरमा रहेका अति विपन्न घरपरिवारहरु ।

(२) उपदफा (१) बमोजिम मापदण्ड पुरा गरी राहतको लागि छनौट भएका परिवारहरुको लागि राहत सामाग्री सम्बन्धी प्याकेज नगरस्तरीय राहत वितरण तथा व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) तथा उपदफा (२) बमोजिम प्रकृया पुरा भई राहत वितरण गर्दा वडा स्तरीय राहत समितिले नगरस्तरी राहत वितरण तथा व्यवस्थापन समितिको निर्देशानुसार प्रहरी प्रशासनको सहयोग लिई शुरक्षित उपाय (कम्तिमा १ मिटरको दुरी र मास्क) अपनाई सम्भव भए नागरिकको घरदैलोमानै नभए नजिकको पायक पर्ने स्थानवाट राहत वितरण गर्ने कार्य गर्नु पर्नेछ ।





(४) राहत वितरण गर्दा दफा ६ बमोजिम मापदण्ड विपरित राहत सामाग्री वितरण गरेको देखिएमा त्यसको सम्पूर्ण जवाफदेहीता विवरण तयार गरी राहत वितरण गर्ने वडा स्तरीय राहत समितिले लिनुपर्नेछ ।

**७. राहत सामाग्रीको व्यवस्थापन :** (१) यस कार्यविधिको दफा ६ बमोजिम मापदण्ड पुरा गरेका घरपरिवारहरुलाई राहत वितरण गर्दा हुने खर्चको व्यवस्थापन नगर विपद व्यवस्थापन कोषमा जम्मा भएको रकमवाट मात्र गरिनेछ ।

(२) यस कार्यविधिको दफा ६ बमोजिम छनौटमा परेका घरपरिवारहरुलाई कुनै व्यक्ति वा संघसंस्था वा अन्य कुनै निकायले नगद वा जिन्सी राहत प्रदान गर्न चाहेमा नगरस्तरीय राहत वितरण तथा व्यवस्थापन समितिसंग समन्वय गरी यस कार्यविधि बमोजिम एकद्धार प्रणालीवाट वितरण गर्नुपर्नेछ ।

(३) भुमीहिन, अतिविपन्न तथा अशक्त घरपरिवारहरुका लागि नगरपालिकासँग समन्वय गरी यस कार्यविधि बमोजिम एकद्धार प्रर्णालीवाट राहत सामाग्री सहयोग गर्ने कुनै व्यक्ति, संघ सस्था, सरकारी तथा गैरसरकारी निकाय, कम्पनी आदी सहयोग दाताहरुको विवरण तयार पारी त्यसरी प्राप्त भएको राहत सहयोग वितरण गरिएको सम्पूर्ण विवरण तयार गरी राख्नु पर्नेछ ।

माथि दफामा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय स्तरमा उत्पादित खाद्यवस्तुहरु खरिद गरी राहतको रुपमा वितरण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

**८. संशोधन गर्न सक्ने :** यस कार्यविधिमा आवश्यकता अनुसार नगरकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**९. स्वतः खारेज हुने :** यो कार्यविधि कोरोना भाईरसको महामारी अन्त्य भएपछि स्वतः खारेज हुनेछ ।

**अनुसुची -१**

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**राहत उपलब्ध गराउनुपर्ने परिवारको विवरण**

जिल्ला : दैलेख    चामुण्डा विन्द्रासैनी नगरपालिका वडा नं.    टोल................

संयोजकको नाम :    सदस्य सचिवको नाम :    संकलन मिति :

| सि.नं. | घरमुलीको नाम र थर | परिवार संख्या | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

............................ ................................
संयोजकको हस्ताक्षर सदस्य सचिवको हस्ताक्षर
मोवाईल नं. मोवाईल नं.

## अनुसुची -२

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)


**राहत उपलब्ध गराईएका परिवारको विवरण**

जिल्ला : दैलेख चामुण्डा विन्द्रासैनी नगरपालिका वडा नं. टोल................



संयोजकको नाम : सदस्य सचिवको नाम :
राहत वितरण मिति :.......................

| सि. नं. | घरमुलीको नाम र थर | परिवार संख्या | खाद्यान्न | बुझिलिनेको हस्ताक्षर | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |



आज्ञाले
तिलक वि.क.
नि.प्रमुख प्रशासकीय अधिकृत